## भाग २

# अर्थमन्त्रालयको सूचना

मनाही पदार्थको स्पष्टीकरण

नयाँ दरबन्दी भै आएकोमा मनाही भैरहेको पदार्थको पनि दरबन्दी भै आए तापनि मनाही माल खुला भएको होइन। कसैलाई निकाशी पैठारी गर्न पाउने भई ल्याएमा सो नयाँ दरबन्दीबमोजिम महसूल लिई छाड्ने र अरु कुरामा भइरहेका सनद आदेशबमोजिम गर्नु गराउनुहोला।

आज्ञाले—
हिमालयशमशेर.
सेक्रेटरी— अर्थमन्त्रालय.

# अर्थमन्त्रालयको सूचना

सारा सभ्य मुलुकमा भन्सारबाट माल छुटाउँदा मालधनी वा निजको प्रतिनिधिले आफूले झिकाई ल्याएको अड्डतमा रहेको मालको विवरण यस कामको निमित्त बनेको फाराममा भरी भन्सारमा पेश गर्नुपर्दछ। तत्—पश्चात ती अड्डतहरु भन्सारका अधिकारीहरुले जाँची सवालैबमोजिम महसूल लिई छोड्दछन्। परन्तु हाम्रो मुलुकमा मज्ञापनपत्र र तुरुन्तै छुकिलिएको महसूलको रसीद दिने चलन छैन। फेरि भन्सारमा आएको माल मालधनीको सामुन्ने भन्सारका साक्षी जाँचकीहरुले खोली एउटा खेस्रा कागजमा टिपोट गरेर लिन्छन् र माल छाडिदिन्छन्। भोली–पर्सिपल्ट फुर्सदमा लगत गरेर मालधनीको सहि गराएर लिन्छन्। यसले गर्दा एउटै कामलाई पटकपटक धाउनुपर्ने कहिलेकाहीं एक मालको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

अर्को माल जति थोरैको धेरै भै महाजनहरूलाई तङ्ग पार्नेको साथसाथै भ्रष्ट कर्मचारीले सरकारलाई ठग्ने बाटो निकाल्न भ्रष्टाचारले खूब प्रोत्साहन पाउने, प्रशस्त मात्रामा सरकारको नोक्सान पर्ने सम्भव छ भन्ने अनेकौं व्यक्ति समुदायहरूको राय भएको र हाकिम साक्षीले मात्र सर्वत्र दृष्टि दिइरहन नसक्ने हुँदा उपरोक्त कुराहरू हुन असम्भव होइन भन्ने भन्सारका उच्च अफिसरहरूको भनाउसमेत विचार राखी यी दोषहरूको निवारण गर्ने उद्देश्यले र व्यापारी यात्रुवर्गको हित सुविधाको निमित्त र सरकारी अड्डाखानाहरूलाई र भन्सार–सुविधा पाएका प्रतिष्ठित व्यक्तिहरूलाई भन्सारबाट माल छुटाएर लिन सुविस्ता होस् भन्ने अभिप्रायले सरकारबाट १० । २।२६। गते प्रज्ञापनपत्र र महसूलफाराम चलाउने निर्णय गरी त्यसको ढाँचा पास गरेको छ । यी फारामहरू ०१० ।५। १ देखि लागू गरिनेछन् । सर्वसाधारणलाई सूचनार्थ ती फारामहरू साथै प्रकाश गरिएका छन् । प्रचलित नियमलाई त्यागी नयाँ नियम अपनाउँदा शुरूमा अनौठा र झंझट लाग्दो भान पर्न जान सक्छ । परन्तु यसको मूल उद्देश्य सबैलाई सुविधा दिने र भ्रष्टाचारबाट सकभर बचाउने हुनाले यसमा सबैले सहयोग गर्नेछन् भन्ने आशा सरकारले लिएको छ ।

आज्ञाले—

हिमालयशमशेर.

सेक्रेटरी—अर्थमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि